# वितरागी ओशो

– स्वामी आनन्द अरुण

ओशोको कार्य बिस्तारको क्रममा यात्रा गर्दा धेरै ठाउँमा हामीले विभिन्न प्रश्नहरूको सामना गर्नुपर्छ। विशेषगरी मिडिया जगत्मा ओशोको बारेमा निकै उत्सुकता देखिन्छ। मिडियामा अन्तर्वातामा लिनेहरू जुन विधासँग सम्बन्धित व्यक्तिको अन्तर्वाता लिन्छन् त्यसैको जानकार वा विशेषज्ञ भयो भने त्यस विषयको गहिराईमा पुगेर सत्यतथ्य खोतल्न सकिन्छ। त्यसमा पनि धार्मिक विषय एक गहन अध्ययन र साधनाको विषय हो। त्यस विषयको जानकार विरलै भेटिन्छन्। तसर्थ अधिकांश ठाउँमा सोधिने प्रश्नहरू एकदमै सतही, हल्का प्रकृतिका हुन्छन्। उत्तर त दिनैपर्‍यो तर ती उत्तर सुन्ने र बुझ्ने धैर्य र समझदारी कमैमा पाइन्छ। जहाँ गएपनि ओशोका बारेमा निम्न प्रश्नहरू नै प्रायः उठाइने गरेको पाएको छु।

**प्रश्नः के ओशो धनीहरूका मात्र गुरु हुन्?**

उत्तरः कुनै पनि गुरुले शिष्यको आर्थिक स्थिति हेर्दैन उसको जिज्ञासा र अभिप्सा हेर्छ। शुरुका दिनमा ओशोले जब आफ्नो कार्य प्रारम्भ गरे, उनका आग्नेय विचारहरू प्रति आकृष्ट हुने पहिलो समूह हामी जस्तै युवा र विद्यार्थीहरूको थियो। आज पनि दीक्षा लिने अधिकाशंको उमेर ३० भन्दा कमैको हुन्छ त्यसमा विद्यार्थीहरू र भरखरै पेशामा लागेका नवयुवक युवती हुन्छन् र उनीहरू मध्ये अधिकांशको आर्थिक अवस्था कमजोर वा सामान्य नै हुन्छ। ओशोका शिष्यमा थोरै मात्रै राम्रो हुनेखाने होलान्। त्यसैले यो भन्नु सरासर भ्रमपूर्ण नै हो कि ओशो धनीहरूका मात्र गुरु हुन्।

**प्रश्नः ओशोको जीवन किन विलासितापूर्ण थियो? उनी किन टोपी र घडिमा हीरा लगाउँथे?**

उत्तरः मैले ओशोको जीवन एकदमै नजिकबाट हेर्ने र नियाल्ने सौभाग्य पाएको छु। उनी निम्न मध्य वर्गिय परिवारमा जन्मेका हुन्। स्वयम् कमाएर उनले आफ्नो विश्वविद्यायलयको अध्ययन पुरा गरे र त्यही विद्यार्थीकाल मै गहन साधना गरी बुद्धत्व प्राप्त गरे र विश्वविद्यालयमा पनि प्रथम श्रेणीमा प्रथम भए। पछि प्राध्यापक भएर कमाउन थालेपछि आफ्नो वेतनबाट केही बचाएर साइकल किने र उनको त्यो साईकल यति सफा र टल्किने हुन्थ्यो कि जबलपुरमा त्यसलाई शहरको सबैभन्दा 'मेन्टेन्ड' साईकल भनी मानिसहरू भन्थे। त्यो साइकलमा विश्वविद्यालय धाउँदा उनी त्यती नै शान्त, आत्मविश्वास, आत्मगौरवले भरिएका आनन्दित थिए। त्यस्तै भावदशामा मैले उनलाई पूनामा र रजनीशपुरम्को वैभवमा देखेको छु। जब रजनीशपुरम् अमेरिकी षडयन्त्रले विखण्डित भयो र उनी मनाली आएर एउटा साधारण कोठामा बसे। जहाँ प्रचण्ड जाडोमा उनलाई नुहाउन पानी तताउनेसम्म व्यवस्था थिएन। आधुनिक जीवनका आवश्यकताहरू गीजर, फोन, कार, फर्निचर केही पनि त्यहाँ थिएनन्।

वैभवको अलकापुरी रजनीशपुरम्बाट उनी सोझै अभावैअभावले भरिएको मनाली आएका थिए। त्यहाँ मैले उनको सान्निध्यमा बस्ने सौभाग्य पाए। रजनीशपुरम् टुटेकोमा हामी सबै शिष्य दुःखी र उदास थियौं। त्यहाँ एक मात्र व्यक्ति जो यो सबै परिवर्तन र अभावबाट अकम्प र असपृहित र सधै प्रफुल्लित र आनन्दित थिए त्यो ओशो नै थिए।

व्यास नदीको तटको त्यस सामान्य रिजोटमा बिहानको भ्रमणपछि उनी खोलाको किनारमा बसी एक घण्टा विश्राम गर्थे। त्यस क्षणमा उनको पाउमा एक घण्टा एकान्तमा बसेर उनीसँग सत्संग गर्ने केही अवसर मैले पाएँ। रजनीशपुरम् टुटेकोमा म एकदम दुःखी थिएँ र त्यत्रो वैभवपूर्ण शहर गुमाएकोमा उनलाई अवश्य नै दुःख भएको होला भन्ने आशयको प्रश्न गर्दा उनले भने, 'रजनीशपुरम्मा यद्यपि तिम्रो कुनै लगानी थिएन तै पनि तिमीले त्यसलाई आफ्नो ठानेको हुनाले अहिलेसम्म तिमी व्यथित छौं। मैले त्यहाँको कुनै चिजलाई कहिल्यै आफ्नो मानिन त्यसकारण मलाई त्यहाँको कुनै स्मृति पनि आउँदैन। त्यो एक प्रयोग थियो। अस्तित्वले त्यो एक अनुभव दिनु थियो हामी त्यसबाट गुज्रियौं अब पछाडि फर्केर दुःखी हुन जरुरी छैन। जहाँसम्म मेरो व्यक्तिगत रुझानको कुरा हो म हिमालयमा एक रुखमुनी सबभन्दा बढी आनन्दित हुन्छु, शहरमा बस्नु त मेरोलागि लोकहितार्थ एक बाध्यता हो। परमात्माले हिमालयको यो सुन्दर छटामा रुखको मुनी बस्न र यो नदीको कलकललाई विश्रामपूर्ण सुन्ने आनन्दको यो क्षण दिएको छ, यसमा पनि तिमी रमाउँन सकेनौं भने संसारमा कहीं रमाउन सक्दैनौ।' उनको दिव्य सान्निध्य र वाणीले रजनीशपुरम् गुमाएको मेरो मनको पीडा एकैछिनमा सधैको लागि हरण भयो।

उनले लगाउने गरेका घडी र टोपीमा कहिल्यै हीरा जडित भएनन्। उनले कुनै औंठी वा गहना जीवनमा कहिल्यै लगाएनन्। उनको वस्त्र, घडी, टोपी र चप्पल सबै उनका अन्तरंग शिष्यहरूले आफ्नै हातले आश्रममा बनाउँथे र त्यसलाई काँचका टुक्रा र टल्किने पत्थरले आ–आफ्नै रुची अनुसार सिंगार्थे। तर राति प्रकाशमा टल्किने जति सबै चिजलाई लोभी चित्तले हीरै देख्छ। त्यी समानहरू उनी आफ्ना शिष्यहरूलाई उपहार स्वरूप बाँडिदिन्थे। त्यस्ता केही उपहार हामीसँग पनि यहाँ तपोवनमा सुरक्षित छन्। यो अवश्यै सत्य हो कि उनको रुझान बडो सुरुचिपूर्ण र सौन्दर्यबोधले भरिएको थियो तर उनमा वैभव र विलाशिताप्रति कुनै आर्कषण थिएन।

ओशोले आफ्नो नाममा वा आफ्नो परिवारको नाममा कहिल्यै कुनै सम्पति जोडेनन्। जीवनपर्यन्त उनको वा परिवारको नाममा न कुनै बैंक खाता खुल्यो न एक इन्च जग्गा किनियो। उनका ७०० सय पुस्तकहरु जो विश्वका ३७ महत्वपूर्ण भाषामा अनुवादित भए जसका लाखौं प्रति आजपनि प्रतिवर्ष बिक्छन् त्यस साहित्यको बिक्रीबाट आएको आम्दानी नै उनलाई अत्यन्त सम्पन्न जीवन जिउन पर्याप्त हुन्थ्यो। तर त्यो सबै उनले आश्रमलाई नै दिए।

यसरी भौतिक आकर्षणको कुण्ठाले भरिएकाहरूले विलासी देखेपनि नजिकबाट नियाल्दा उनको जीवन अत्यन्त अनुशासित तथा राग र वैराग्य दुबैबाट पार वितरागी भेटिन्छ।

tapoban@wlink.com.np